तथ्य शीट

न्यूयोर्कमा घरायसी कामदारहरुको लागि श्रम अधिकार तथा सुरक्षाहरु

घरायसी कामदारहरुका लागि जानकारी

नभेम्बर २९,२०१० देखि लाग" भएको नयाँ घरायसी कामदारहरुको मौलिक अधिकारहरु सम्बन्धी ऐन (न्य" डोमेस्टिक वर्कर्स वील अफ राइटस) लगायतको श्रम कान"न अन्तरगत घरायसी कामदारहरु तथा तिनका रोजगारदाताहरुको अधिकारहरु र जिम्मेवारीहरु को व्यवस्था भएको छ । विस्तृत जानकारी लिनका लागि **www.labor.ny.gov** हेर्नहोस ।

घरायसी कामदार भनेको के हो?

"घरायसी कामदार" भनेको त्यो व्यक्ति हो जस्ले अर्को व्यक्तिको घरमा वसेर काम गर्दछ । उनीहरुले गर्ने कामहरुमा यी क'रा समावेश ह'न्छन् :

- केटाकेटीहरु, विरामी वा वृद्ध व्यक्तिहरुको हेरचाह गन
- घरायसी धन्दाहरु गन
- रोजगारदाताको घरमा गरिने अन्य प्रकारका घरेल' कामहरु गन

निम्न वर्गोजिम काम गर्नेलाई कान"न अन'सार घरायसी कामदारहरु को रुपमा **लिइदैन** :

- नियमित आधारमा नभै कहिले काही मात्र काम गर्ने व्यक्ति भएमा, जस्तो रोजगार दाताको घरमा गएर आंशिक समयका लागि वालवच्चा हेर्ने ब्यक्ति (बेबि सिर्टस)
- उनीहरुले काम गर्न जाने ठाउको रोजगारदाताहरुको वा व्यक्तिहरुको नाता सम्बन्धीहरु पर्ने भएमा

घरायसी कामदारहरुले थाहा पाउनु पर्दछ

घरायसी कामदारहरुको मौलिक अधिकारहरु सम्बन्धी ऐन (डोमेस्टिक वर्कस वील अफ राइटस) लगायतको न्य"योर्क राज्यको श्रम कान"न अन्तरगत, तपाईलाई :

- **कम्तिमा** पनि न्य"नतम ज्याला रोजगारदाताले दिन' पर्दछ (हाललाई ७.२५ डलर प्रति घण्टा)
- एक हप्तामा काम गर्न' पर्ने ४० घण्टा नाघेपछि वढी काम गर्दा आफ"ले पाउने आधारभ"त ज्यालाको १ १/२ (डेड) ग'नाको हिसावले ओभरटाइम (वढी समय काम गरे वापतको) ज्याला रोजगारदातावाट तपाईले पाउन' पर्दछ । (यदि तपाई रोजगार दाताको घरमा नै वस्न' भएको छ भने हप्ताको ४४ घण्टा काम गरे पछि त्यस भन्दा वढी समय काम गर्दा तपाईलाई ओभरटाइमको पैसा रोजगारदाताले दिन'पर्दछ) ।
- हप्तामा एक दिन (२४ घण्टा) आराम गर्न दिन' पर्दछ - अथवा यदि त्यस दिन तपाई काम गर्न मञ्ज'र ह'न' भएमा ओभरटाइमको दरमा रोजगारदाताले तपाईलाई ज्याला दिन' पर्दछ ।
- एउटै रोजगारदातामा एकबर्ष बढि काम गरे पछि **कम्तिमा** तिन दिन पैसा भ'क्तानी गरेको छ'ट्टि पाउने अधिकार तपाईलाई छ ।

यदि तपाईले प्रतिहप्ता कम्तीमा ४० घण्टा काम गर्न' भयो भने, र यदि काम गर्दा तपाईलाई चोटपटक लाग्यो भने त्यस वखत तपाई पनि कामदारहरुको क्षतिप"र्ति वीमा (वर्कस कम्पेन्सेसन इन्स'रेन्स) को कार्यक्षेत्र भित्र पर्न'ह'न्छ, र तपाई घाइते ह'न' भएमा वा कामभन्दा वाहिर सिकिस्त विरामी ह'न' भएमा र परिणामस्वरूप सात दिनभन्दा अधिक समयका लागि काममा जान सक्न'भएन भने, तपाई अक्षमताप्रति बीमा सविधा पाउने व्यक्ति भित्र पर्न'ह'न्छ ।

यदि कनै एजेन्सीले वृद्ध व्यक्तिको हेरविचार गर्ने जस्तो "कम्पेनियनसिप सर्भिसेज" (साथीसंगी जस्तो गरी दिने सेवा) दिने काममा तपाईलाई लगाएको छ भने ओभरटायम तथा एक दिन आराम गर्न दिने नियमको प्राव्धान तपाईलाई लाग" हदैन ।

यी श्रम उल्लेखित कान"नहरुको उलंघन भयो भनी तपाईले आफ्नो रोजगारदाता वा श्रम विभागलाई यदि तपाईले उज'र गर्न' भयो भने तपाईको रोजगारदाताले तपाईसंग प्रतिशोध लिन सक्दैन । श्रम विभागमा उज'री हाल्नका लागि नं. १-८८८-५२५२२६७ (ज्ञ(डडड(छद्दीब्यइच) मा फोन गर्नहोस वा श्रम विभागका डिस्ट्रिक कार्यालयहरुको स"ची हेर्नका लागि **www.labor.ny.gov/workerprotection/laborstandards/labor_standards.shtm** हेर्नहोस ।

डोमेस्टिक वर्कर्स वील अफ राइटस (घरायसी कामदारहरुका मौलिक अधिकारहरु सम्बन्धी ऐन) ले यौनजन्य उत्पीडनवाट तथा तपाईको रोजगार दाताले लिङ्ग जाति र राष्ट्रियताको उत्पत्तीको आधारमा गरिने उत्पीडनवाट तपाईलाई जोगाउदछ । तपाईले उत्पीडन सम्बन्धि उज'र गर्न' भयो भने तपाईको रोजगारदाताले तपाईसंग प्रतिशोध लिन सक्दैन । यदि यस्ता खालका उत्पीडन वा प्रतिशोध तपाई माथि भए भने न्य"योर्क राज्यको मानव अधिकार शाखामा उज'री दिन तपाईले सक्न'ह'न्छ । उज'री कसरी दिने भन्ने सम्बन्धमा **www.dhr.state.ny.us** हेरेर थाहा पाउन'होला ।

तपाई र तपाईको परिवारका निम्ति न्यून मूल्यको स्वास्थ्य विमा त्यस सम्बन्धि कुरा जान्नका लागि न्यूयोर्क राज्यको स्वास्थ्य विभागको वेवसाइट **www.nyhealth.gov** हेर्नुहोस । होमपेजको दाहिने पट्टि पुछारमा दिइएको "साइट कन्टेन्टस ("Site Contents"/साइटमा भएका विषयहरु)" मा "हेल्थ इन्सुरेन्स प्रोग्राम्स ("Health Insurance Programs"/स्वास्थ्य विमा सम्बन्धि कार्यक्रमहरु") लाई खोज्नुहोस ।

www.labor.ny.gov

NYS DEPARTMENT OF LABOR
PROTECT | ASSIST | CONNECT